# प्रेस विज्ञप्ति

## भारतीय सेनाद्वारा नेपाली सेनालाई स्वास्थ्य उपकरण हस्तान्तरण

१. 'छिमेकी पहिलो' नीति अन्तर्गत भारतीय सेनाले प्रदान गरेको करिब नेरु. २८.८ करोड रुपैंया बराबरको स्वास्थ्य सामाग्री तथा उपकरण आज नेपाली सेनालाई हस्तान्तरण गरियो । टुँडिखेलस्थित नेपाली सेनाको मुख्यालयमा आयोजित एक समारोहका बीच नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले नेपाली सेनाका प्रधान सेनापति महारथी पूर्णचन्द्र थापालाई आज स्वास्थ्य सामाग्री हस्तान्तरण गर्नुभयो । भारतीय राजदूत क्वात्राले नेपाली सेनाको कोभिड-१९ विरुद्धको लडाइँमा भारतको सहयोग निरन्तर रहने जनाउँदै यस सम्बन्धमा नेपाली सेनाले पुऱ्याएको योगदानको सराहना गर्नुभयो ।

२. भेन्टिलेटर, एम्बुलेन्स, आइसीयू बेड, पीपीइ किट, पिसिआर परिक्षण किट लगायतका स्वास्थ्य सामाग्री जेष्ठ २७ गते काठमाडौं ल्याइएको थियो । गत साल यता भारतीय सेनाले नेपाली सेनालाई कोभिड महामारी विरुद्ध लड्न विभिन्न किसिमका सहयोग प्रदान गर्दै आएको छ । यसैबीच भारतीय सेनाले गत मार्चमा नेपाली सेनालाई एक लाख कोभिशिल्ड खोप प्रदान गरेको थियो । यो सहयोगले संकटको समयमा दुई देशका सेनाबीच रही आएको सहकार्यलाई प्रतिबिम्बित गरेको छ ।